नेपाल सरकार

# संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाडौं

(स्थानीय तह समन्वय शाखा)

पत्र संख्या : ०७५/७६

च.नं. : ७७५

मिति : २०७६/०३/१९

बिषयः खुला दिसा मुक्त नेपाल घोषणा सम्बन्धमा ।

श्री स्थानीय तहहरु संलग्न सबै,

खानेपानी मन्त्रालयको च.नं.८१ (स.) मिति २०७६/०३/१९ को खुला दिसा मुक्त नेपाल घोषणा सम्बन्धी प्राप्त पत्रबाट "राष्ट्रिय सरसफाइ निर्देशन समितिको मिति २०७६/३/१३ को बैठकको निर्णय अनुसार सम्बन्धित जिल्ला र स्थानीय तहलाई आ-आफ्नो क्षेत्रलाई छिटो भन्दा छिटो खुला दिसा मुक्त घोषणा गरी २०७६/६/१३ (सेप्टेम्बर २०१९) भित्र नेपाललाई खुला दिसा मुक्त घोषणा गर्ने राज्यको महान् अभियानमा सहयोग प्रदान गर्नको लागि अनुरोधपत्र प्रेषित गरिदिनु हुन" भनी यस मन्त्रालयलाई अनुरोध भई आएको पत्र यसै साथ संलग्न छ ।उक्त पत्रानुसार खुला दिसा मुक्त घोषणा गर्न बाँकी जिल्ला तथा स्थानीय तहहरुले कार्यक्रम बनाई राष्ट्रिय लक्ष्य प्राप्तीमा सहयोग पुऱ्याउनु हुन आदेशानुसार अनुरोध छ ।

(जनकराज शर्मा)
शाखा अधिकृत

<u>बोधार्थः</u>

श्री सूचना तथा प्रविधि शाखाः वेभसाइटमा अपलोड गर्नु हुन ।

नेपाल सरकार

# खानेपानी मन्त्रालय

दर्ता नं.:- 9053

मिति:- 3/18

फोन नं.: ४२११६९३

फ्याक्स : ९७७-१-४२११४३३

सिंहदरबार,

काठमाडौं, नेपाल।

पत्र संख्या:- 075/076

चलानी नं.:- 79 (अ.)

मिति: २०७६/३/१५

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरवार, काठमान्डौ।

योजना तथा विकास सहायता समन्वय

दर्ता नं.:- 2322

मिति:- 3/19

समय:-

VISIT Nepal Year 2020

**विषय: खुला दिसा मुक्त नेपाल घोषणा सम्वन्धमा।**

नेपाल सरकार (मन्त्रीपरिषद्) द्वारा मिति २०६८/४/१९ मा स्वीकृत गरिएको सरसफाइ गुरु योजना २०६८ को कार्यान्वयन मार्फत देशमा चर्पीको निर्माण र प्रयोगमा अभूतपूर्व सफलता हासिल हुन सकेको छ। गुरु योजनाको स्वीकृतिको समयमा देशमा करिव ४३ % घरधुरीमा चर्पीको पहुँच रहेकोमा हालसम्म करिव ९९.५ % घरधुरीको पहुँच रहेको छ भने ६५ जिल्ला खुला दिसा मुक्त भइसकेका छन्। फलस्वरूप देशमा खुला दिसा मुक्त घोषणा गर्ने कार्यले सामाजिक अभियानको रुपमा तिव्रता हासिल गर्न सकेको छ। विभिन्न अध्यन प्रतिवेदनले देखाए अनुसार सरसफाइको कमीले सिर्जना हुने रोगब्याधीमा पनि उल्लेखनीय रुपमा कमी भएको छ। विभिन्न तहका सरकारको नेतृत्व, विकास साझेदारको सहकार्य र समुदायको अपनत्वका कारणले उक्त सफलता हांसिल गर्न सकिएको हो। समय समयमा देखा पर्ने प्राकृतिक विपतका वावजुद पनि तीव्र गतिमा अघि बढेको नेपालको सरसफाइ अभियानलाई विश्वले निकै रुचीका साथ हेरिरहेको छ।

गुरु योजना मार्फत सन् २०१७ भित्रै नेपाललाई खुला दिसा मुक्त बनाउने लक्ष लिईएको थियो। नेपाल सरकारका हरेक आवधिक योजनाहरु पनि सो लक्ष प्राप्तिमा प्रतिवद्द रहेका छन्। तीनवटै तहका सरकार, विकास साझेदार र समुदायको अथक प्रयाशका वावजुद तोकिएको समय सीमाभित्र उक्त लक्ष हासिल हुन नसकेको भए तापनि नेपाल आज खुला दिसा मुक्त घोषणाको संघारमा उभिएको छ। देशलाई खुला दिसा मुक्त घोषणा नगरेसम्म पूर्ण सरसफाइ र दिगो विकास लक्षतर्फको यात्राको लागि मार्ग प्रशस्त हुन नसक्ने भएको हुँदा हामीले जति सक्यो चाँडो खुला दिसा मुक्त नेपाल बनाउन अत्यन्त जरुरी देखिन्छ । करिव २५,००० चर्पीको निर्माण र प्रयोगको प्रवर्द्धन गरेमा छिट्टै नै खुला दिसा मुक्त नेपाल बनाउने सपना साकार हुनेछ ।

यस पत्रसाथ संलग्न विवरणमा उल्लेखित, जिल्ला र पालिकाहरुले अझैसम्म खुला दिसा मुक्त अवस्था हासिल गर्न नसकेका कारण खुला दिसा मुक्त नेपाल बनाउने राज्यको सोचले मूर्त रुप लिन सकेको छैन। **तसर्थ संलग्न राष्ट्रिय सरसफाइ निर्देशन समितिको मिति २०७६/३/१३ को वैठकको निर्णय अनुसार सम्वन्धित जिल्ला र पालिकालाई आ-आफ्नो क्षेत्रलाई छिटो भन्दा छिटो खुला दिसा मुक्त घोषणा गरी २०७६/६/१३ (सेप्टेम्वर २०१९) भित्र नेपाललाई खुला दिसा मुक्त घोषणा गर्ने राज्यको महान् अभियानमा सहयोग प्रदान गर्नको लागि अनुरोधपत्र प्रेषित गरिदिनु हुन राष्ट्रिय सरसफाइ निर्देशन समिति/यस मन्त्रालयलाई हार्दिक अनुरोध गर्दछ।**

दीपेन्द्र नाथ शर्मा

सचिव, खानेपानी मन्त्रालय

एवं अध्यक्ष, राष्ट्रिय सरसफाइ निर्देशन समिति

हालको खुला दिसामुक्त नभएको गाँउपालिका र नगरपालिका को नामावलि

| प्रदेश | जिल्ला | ODF हुन बाँकी नगरपालिका तथा गाउँपालिका |
|---|---|---|
| प्रदेश नं १ | भोजपुर | भोजपुर नगरपालिका |
| | | पडानन्द नगरपालिका |
| | सोलोखुम्बु | सोलु दुधकुन्ड नरपालिका |
| प्रदेश नं २ | बारा | कलैया नगरपालिका |
| | | जितपुर सिमरा नगरपालिका |
| | | कोलहवि नगरपालिका |
| | | महागडिमाइ नगरपालिका |
| | | सिमरौनगड नगरपालिका |
| | | पचरौटा नगरपालिका |
| | | आदर्स नगरपालिका |
| | | कराइयामाई गाँउपालिका |
| | | देभतल गाँउपालिका |
| | | पर्वानिपुर गाँउपालिका |
| | | फेता गाँउपालिका |
| | | बारागाढी गाँउपालिका |
| | | सुवार्ना गाँउपालिका |
| | | बिसरामपुर गाँउपालिका |
| | पर्सा | बिन्दाबासनि गाँउपालिका |
| | | धोबिनि गाँउपालिका |
| | | बाहुदरमाइ नगरपालिका |
| | | विरंगंज महानगरपालिका |
| | सलाही | धनकौल गाँउपालिका |
| | धनुषा | जनकपुर उप महानगरपालिका |
| | | क्षिरेश्वर नगरपालिका |
| | | गनेसमान नगरपालिका |
| | | धनुषाधाम नगरपालिका |
| | | नागारेन नगरपालिका |
| | | बिदेहा नगरपालिका |
| | | सहिदनगर नगरपालिका |
| | | सबैला नगरपालिका |
| | | कमला नगरपालिका |
| | | हन्सापुर नगरपालिका |
| | | मिथिला बिहारि नगरपालिका |
| | | जानकि नन्दिनि गाँउपालिका |
| | | बाटेश्वर गाँउपालिका |
| | | मुखियापात्ति मुसारनिया लक्ष्मिनिया गाँउपालिका |
| | | औराहि गाँउ पालिका |
| | | धनान्जि गाँउ पालिका |
| | महोतरी | जलेश्वर नगरपालिका |
| | | गौशाला नगरपालिका |
| | | लोहारपाट्टि नगरपालिका |
| | | औराहि नगरपालिका |
| | | मातिहानि नगरपालिका |
| | | भन्गहा नगरपालिका |
| | | सोनाम गाँउ पालिका |
| | | महोतरि गाँउ पालिका |

दुर के. सी.
(प्रा.)

| | | |
|---|---|---|
| प्रदेश नं ३ | सिन्धुपाल्चोक | चौतार साँगाचोकगढी नगरपालिका |
| | | ब्राहविसे नगरपालिका |
| | | मेलम्ची नगरपालिका |
| | | इन्द्रवती गाउंपालिका |
| | | जुगल गाउँपालिका |
| | | पञ्चपोखरी गाउंपलिका |
| | | भाटेकोशी गाउँपलिका |
| | | लिसंखुपाखर गाउँपलिका |
| | | हेलम्वु गाउँपलिका |
| | | त्रिपुरासुन्दरी गाउँपालिका |
| | | सुनकोशी गाउँपालिका |
| | काठमाडौं | काठमाडौं महानगरपालिका |
| प्रदेश नं ५ | कपिलवस्तु | कृष्णनगर नगरपालिका |
| | | कपिलवस्तु नगरपालिका |
| | | एसोधरा नगरपालिका |
| | | महाराजगंज नगरपालिका |
| | | सुद्धोधन गाँउ पालिका |

चन्द्रबहादुर के. सी.
सह-सचिव (प्रा.)